सङ्घीय संसद

# राष्ट्रिय सभा

## विधायन व्यवस्थापन समिति

# खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ सम्बन्धी प्रतिवेदन

सङ्घीय संसद

राष्ट्रिय सभा

सिंहदरवार, काठमाडौं ।

संघीय संसद
राष्ट्रिय सभा
# विधायन व्यवस्थापन समिति

मिति : २०७८/१०/२१
बैठक संख्या : २/४२७
समय : बिहान ११:३० बजे

**विषयः- खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ को मस्यौदा प्रतिवेदनमाथि छलफल र विविध ।**

**छलफल तथा निर्णयः**

माननीय सभापति परशुराम मेघी गुरुङको सभापतित्वमा बसेको समितिको आजको बैठकमा समितिमा माननीय सदस्यहरु, संशोधनकर्ता माननीय सदस्यहरु, कृषि तथा पशुपन्छी विकास मन्त्रालय सचिव र सम्बद्ध कर्मचारी साथै कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयका सम्बद्ध कर्मचारीको उपस्थितिमा खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ उपर प्राप्त संशोधन प्रस्तावहरु सहित भएको दफावार छलफल समाप्त भई तयार गरिएको प्रतिवेदनको मस्यौदामाथि छलफल सम्पन्न भयो ।

**निर्णयः**

१. खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ सम्बन्धमा संलग्न बमोजिम प्रतिवेदन पारित ।

२. पारित उक्त प्रतिवेदन सभाको आगामी बैठकमा पेश गर्ने ।

तदनन्तर समितिको आगामी बैठक २०७८ माघ २३ गते बिहान ११:३० बजे विद्युत विधेयक, २०७७ को प्रारम्भिक मस्यौदा प्रतिवेदनमाथि गर्ने गरी बैठक स्थगित भयो ।

(मनोजकुमार गिरी)
सचिव

(परशुराम मेघी गुरुङ)
सभापति

सङ्घीय संसद

## राष्ट्रिय सभा

## विधायन व्यवस्थापन समिति

### राष्ट्रिय सभामा उत्पत्ति भएको खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ सम्बन्धी प्रतिवेदन

१. खाद्य स्वच्छता तथा गुणस्तर विधेयक, २०७७ (यसपछि "विधेयक" भनिएको) को दफा १ को,-

(१) उपदफा (१) मा रहेका "२०७७" भन्ने अङ्कहरुको सट्टा "२०७८" भन्ने अङ्कहरु राख्ने ।

(२) उपदफा (२) मा रहेको "दिनबाट" भन्ने शब्दको सट्टा "दिनदेखि" भन्ने शब्द राख्ने ।

२. विधेयकको दफा २ को,

(१) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपी त्यसपछिका खण्डक्रम मिलाउने:-

"(च) "खाद्य योगशील" भन्नाले खाद्य पदार्थको रुपमा सिधै उपभोग नगरिने खाद्य पदार्थको रङ्ग, वास्ना, स्वाद कायम राख्न वा बढाउन तथा अन्य अपेक्षित गुण हासिल गर्न खाद्य पदार्थको उत्पादन, प्रशोधन तथा संरक्षण गर्दा निर्धारित मापदण्ड अनुसार साधकको रुपमा प्रयोग गरिने स्वीकृत उपभोगयोग्य पदार्थलाई सम्झनु पर्छ।"

(२) साबिक खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (छ) मा रहेको "भण्डारण," भन्ने शब्दको सट्टा "सञ्चय," भन्ने शब्द राख्ने ।

(३) साबिक खण्ड (ट) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ठ) पछि देहायको खण्ड (ड) थपी साबिक खण्ड (ड) झिक्ने ।

"(ङ) "पहिचान पद्धति (ट्रेसियाविलिटि)" भन्नाले खाद्य पदार्थको उत्पादन, प्रशोधन, सञ्चय, निकासी, पैठारी तथा बिक्री, वितरणका चरणहरुमा खाद्य पदार्थको अवस्थाको क्रमलाई पछ्याउने विवरणको पद्धति सम्झनु पर्छ ।"

(४) खण्ड (न) मा रहेका "गुणस्तर निर्धारण समिति" भन्ने शब्दहरुको सट्टा "गुणस्तर सिफारिस समिति" भन्ने शब्दहरु राख्ने ।

३. विधेयकको दफा ४ को उपदफा (२) मा रहेका "यस ऐनको अधीनमा रही" भन्ने शब्दहरु झिक्ने ।

४. विधेयकको दफा ५ को,-

(१) दफाशीर्षक र उपदफा (१) मा रहेका "गुणस्तर निर्धारण समिति" भन्ने शब्दहरुको सट्टा "गुणस्तर सिफारिस समिति" भन्ने शब्दहरु राख्ने ।

(२) उपदफा (१) को,-

(क) खण्ड (घ) र (ङ) को सट्टा देहायको खण्ड (घ) र (ङ) राख्नेः-

"(घ) मन्त्रालयको खाद्य प्रविधि सम्बन्धी विषय हेर्ने महाशाखा प्रमुख - सदस्य

(ङ) सहसचिव, वन तथा वातावरण मन्त्रालय - सदस्य"

(ख) खण्ड (च) र (ज) झिकी त्यसपछिका खण्डक्रम मिलाउने ।

(ग) साबिक खण्ड (झ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (छ) मा रहेका "विज्ञहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको एक जना" भन्ने शब्दहरुको सट्टा "व्यक्तिहरुमध्येबाट मन्त्रालयले मनोनयन गरेको कम्तीमा दुईजना महिला सहित तीनजना" भन्ने शब्दहरु राख्ने ।

(घ) साबिक खण्ड (ञ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) पछि देहायको खण्ड (झ) थपी साबिक खण्ड (ट) लाई खण्ड (ञ) कायम गर्नेः-

"(झ) खाद्य वैज्ञानिक वा प्राविधिज्ञहरुको पेशागत संघ, संस्थाबाट प्रतिनिधित्व हुने गरी मन्त्रालयले मनोनयन गरेको कम्तीमा एकजना महिला सहित दुईजना - सदस्य"

(३) उपदफा (२) मा रहेका "खण्ड (झ) र (ञ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (छ), (ज) र (झ)" भन्ने शब्दहरु राख्ने ।

(४) उपदफा (३) मा रहेका "खण्ड (झ) र (ञ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (छ), (ज) र (झ)" भन्ने शब्दहरु राख्ने ।

(५) उपदफा (४) पछि देहायको उपदफा (५) र (६) थप्नेः-

"(५) उपदफा (१) को खण्ड (छ), (ज) र (झ) बमोजिम सदस्य मनोनयन गर्दा समावेशी सिद्धान्तका आधारमा गर्नु पर्नेछ।

(६) समितिको सचिवालय विभागमा रहनेछ।"

५. विधेयकको दफा ६ को उपदफा (५) पछि देहायको उपदफा (६) थपी त्यसपछिका उपदफाक्रम मिलाउनेः-

"(६) समितिको बैठकमा उपस्थित सदस्यको नाम, छलफल भएका विषय तथा बैठकमा भएका निर्णय निर्णय-पुस्तिकामा लेखी उपस्थित सदस्यको दस्तखत गराइ राख्नु पर्नेछ।"

६. विधेयकको दफा ७ र ८ को सट्टा देहायको दफा ७ र ८ राख्नेः-

"७. <u>समितिको काम, कर्तब्य र अधिकार</u>ः (१) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण तथा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली निर्धारण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ख) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी नीति निर्माण गर्न नेपाल सरकारलाई सिफारिस गर्ने,

(ग) खाद्य व्यवसायमा स्वच्छता तथा गुणस्तर कायम राख्न नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबीच समन्वय र सहजीकरण गर्ने,

(घ) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण तथा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली अवलम्बनका लागि सरोकारवाला निकायलाई निर्देशन दिने,

(ङ) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी क्षेत्रमा आवश्यक पर्ने मानव स्रोत विकासको लागि आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(च) समितिको काममा सहयोग पुऱ्याउन आवश्यकता अनुसार उपसमिति गठन गर्ने,

(छ) खाद्य व्यवसायी, सेवाग्राही तथा अन्य सरोकारवालाको गुनासो सुन्ने तथा त्यसको व्यवस्थापन गर्ने, गराउने,

(ज) खाद्य पदार्थहरूलाई विभिन्न समूह वा उपसमूहमा समूहीकृत गर्ने ।

(२) समितिले खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर निर्धारण सम्बन्धमा नेपाल सरकारलाई सिफारिस गर्दा देहायका आधारमा गर्नेछः-

(क) खाद्य पदार्थको प्राकृतिक तथा विशिष्ट गुण,

(ख) सम्बन्धित खाद्य पदार्थको वैज्ञानिक तथ्य तथा आधार,

(ग) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धी अन्तर्राष्ट्रिय तथा क्षेत्रीय मान्यता र मापदण्डहरु,

(घ) खाद्य पदार्थमा प्रयोग हुने अवयव र पौष्टिक तत्व,

(ङ) खाद्य पदार्थबाट मानव स्वास्थ्यमा पर्न सक्ने प्रतिकूल प्रभाव वा असर,

(च) खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धमा अवलम्बन गर्नु पर्ने तत्कालीन पक्ष तथा आधारहरु ।

८. **सिफारिस लिनु पर्ने**: (१) खाद्य पदार्थको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चय गर्ने तोकिए बमोजिमका उद्योग स्थापना गर्न चाहने व्यक्तिले त्यस्तो उद्योग दर्ता गर्नु अघि विभाग वा विभागले तोकेको कार्यालयबाट सिफारिस लिनु पर्नेछ ।

(२) प्रदेश कानून बमोजिम प्रदेश सरकारको उद्योग दर्ता गर्ने निकायमा दर्ता गरी खाद्य पदार्थको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चय गर्ने उद्योग स्थापना गर्न चाहने व्यक्तिले प्रदेश सरकारले तोकेको खाद्य स्वच्छता सम्बन्धी काम गर्ने कार्यालय वा निकायबाट सिफारिस लिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्रदेश सरकारले खाद्य स्वच्छता सम्बन्धी काम गर्ने कार्यालय वा निकाय नतोकेसम्म सो उपदफा बमोजिमका उद्योग स्थापनाको लागि उपदफा (१) बमोजिम विभाग वा विभागले तोकेको कार्यालयबाट सिफारिस लिनु पर्नेछ ।

(४) उपदफा (१) वा (२) बमोजिम सिफारिस लिन चाहने व्यक्तिले देहाय बमोजिमका कागजात तथा विवरण संलग्न गरी विभाग, सम्बन्धित कार्यालय वा निकायमा निवेदन दिनु पर्नेछ:-

(क) उद्योग दर्ता गर्ने निकायले सिफारिस माग गरेको पत्र,

(ख) उद्योगको पुँजी, किसिम र क्षमता,

(ग) उत्पादन र प्रशोधन गर्न चाहेको खाद्य पदार्थको खाद्य स्वच्छता तथा गुणस्तर कायम गरिने प्रक्रिया सम्बन्धी प्राविधिक प्रस्ताव र तत्सम्बन्धी जनशक्तिको विवरण ।

(५) उपदफा (४) बमोजिम प्राप्त कागजात तथा विवरणउपर जाँचवुझ गर्दा निवेदकले उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चय गर्न चाहेको खाद्य पदार्थको स्वच्छता र गुणस्तर कायम गर्न सक्ने देखिएमा विभाग, सम्बन्धित कार्यालय वा निकायले दस्तुर लिई उद्योग दर्ता गर्न सिफारिस दिनेछ।"

७. विधेयकको दफा ९ को,-

(१) उपदफा (२) मा रहेका "तोकिए बमोजिमको विवरण, कागजात तथा दस्तुर संलग्न गरी तोकिए बमोजिमको ढाँचामा" भन्ने शब्दहरु झिक्ने।

(२) उपदफा (२) पछि देहायका उपदफा (३) थपी त्यसपछिका उपदफाक्रम मिलाउने:-

"(३) उपदफा (२) बमोजिम दिइने निवेदन साथ देहायका विवरण तथा कागजात संलग्न गर्नु पर्नेछः-

(क) खाद्य व्यवसाय दर्ताको प्रमाणको प्रतिलिपि,

(ख) उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चय गरिने खाद्य पदार्थको विवरण र वार्षिक परिमाण,

(ग) खाद्य पदार्थको उत्पादन, प्रशोधन, प्याकेजिङ्ग र सञ्चयमा स्वच्छता र गुणस्तर कायम गर्न अवलम्बन गरिने प्रविधि तथा पद्धती सम्बन्धी विस्तृत विवरण,

(घ) खाद्य व्यवसाय गर्ने ठेगाना तथा सम्पर्क नम्बर र व्यवस्थापनमा संलग्न रहने प्रमुख व्यक्तिहरु सम्बन्धी विवरण ।

(३) साबिक उपदफा (४) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (५) मा रहेका "सम्बन्धित अधिकारीले" भन्ने शब्दहरुको सट्टा "अनुमतिपत्र जारी गर्ने अधिकारीले स्थलगत निरीक्षण, प्रयोगशाला परीक्षण समेत गरी, गराइ" भन्ने शब्दहरु राखी सोही उपदफामा रहेका "तोकिए बमोजिमको ढाँचामा" भन्ने शब्दहरुको सट्टा "दस्तुर लिई" भन्ने शब्दहरु राखे।

(४) उपदफा (५) झिक्ने ।

८. विधेयकको दफा ९ पछि देहायका दफा १०, ११ र १२ थपी त्यसपछिका दफाक्रम मिलाउने,-

"१०. <u>अनुमतिपत्रको मान्य अवधि र नवीकरण</u>: (१) अनुमतिपत्रको मान्य अवधि त्यस्तो अनुमतिपत्र जारी भएको मितिले दुई वर्षको हुनेछ र प्रत्येक दुई वर्षमा अनुमतिपत्र नवीकरण गराउनु पर्नेछ ।

(२) खाद्य व्यवसायीले अनुमतिपत्रको मान्य अवधि समाप्त हुनुभन्दा कम्तीमा पैंतीस दिन अगावै देहायका विवरण तथा कागजात र नवीकरण दस्तुर बुझाएको प्रमाण सहित अनुमतिपत्र नवीकरणको लागि अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछः-

(क) खाद्य व्यवसायीको पछिल्लो आर्थिक वर्षको कर चुक्ता गरेको प्रमाण,

(ख) अनुमतिपत्र लिंदाका बखत पेश गरेको विवरणमा फेरबदल भएको रहेछ भने त्यसको अद्यावधिक विवरण ।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुमतिपत्रको मान्य अवधि सकिएको छ महिनाभित्र दोब्बर दस्तुर तिरी सो उपदफा बमोजिम त्यस्तो अनुमतिपत्र नवीकरण गर्न सकिनेछ।

(४) अनुमतिपत्र जारी गर्ने अधिकारीले अनुमतिपत्र नवीकरणको लागि निवेदन परेको मितिले तीन महिनाभित्र नवीकरण सम्बन्धी निर्णय गरिसक्नु पर्नेछ।

११. <u>अनुमतिपत्र निलम्बन र फुकुवा</u>: (१) देहायको अवस्थामा अनुमतिपत्र जारी गर्ने अधिकारीले देहाय बमोजिमको अवधिसम्म अनुमतिपत्र निलम्बन गर्न सक्नेछ:-

(क) यस ऐन बमोजिम अनुगमन, निरीक्षण, जाँचबुझ वा आकस्मिक निरीक्षणको क्रममा खाद्य स्वच्छता तथा गुणस्तर कायम गर्नको लागि कुनै आदेश दिइएकोमा त्यस्तो आदेशमा निर्धारित अवधिभित्र पनि त्यस्तो व्यवस्था कायम नगरेमा सो व्यवस्था कायम नगरेसम्मको लागि,

(ख) प्रचलित कानून बमोजिम अधिकारप्राप्त अधिकारी वा निकायबाट अनुमतिपत्र निलम्बनको लागि लेखी आएमा बढीमा तीन महिनाको लागि,

(ग) यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी न्यूनतम स्तर कायम गरेको नपाइएमा त्यस्तो स्तर कायम नगरेसम्मको लागि, वा

(घ) दफा १० बमोजिम अनुमतिपत्र नवीकरण नगरेमा त्यस्तो नवीकरण नगरेसम्मको अवधिको लागि ।

(२) उपदफा (१) बमोजिम कुनै खाद्य व्यवसायीको अनुमतिपत्र निलम्बन गर्नु अघि निजलाई यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तरको

व्यवस्था कायम गर्नको लागि वा अनुमतिपत्र नवीकरण गराउनको लागि तीस दिनको अवधि दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम दिइएको अवधिभित्र पनि कुनै खाद्य व्यवसायीले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी न्यूनतम व्यवस्था कायम नगरेमा वा अनुमतिपत्र नवीकरण गराउनको लागि निवेदन नदिएमा त्यस्तो खाद्य व्यवसायीको अनुमतिपत्र उपदफा (१) बमोजिम अनुमतिपत्र जारी गर्ने अधिकारीले निलम्बन गर्नेछ ।

(४) उपदफा (३) बमोजिम अनुमतिपत्र निलम्बन भएकोमा त्यस्तो अवधिभर खाद्य व्यवसायीले अनुमतिपत्र बमोजिमको खाद्य व्यवसाय गर्न पाउने छैन ।

(५) उपदफा (३) बमोजिम अनुमतिपत्र निलम्बन भएको खाद्य व्यवसायीले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी न्यूनतम व्यवस्था कायम गरी अनुमतिपत्रको निलम्बन फुकुवाको लागि अनुमतिपत्र जारी गर्ने अधिकारी समक्ष निवेदन दिनु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम निवेदन प्राप्त भएमा अनुमतिपत्र जारी गर्ने अधिकारीले आवश्यक निरीक्षण तथा जाँच गर्दा निवेदकले यो ऐन तथा यस ऐन अन्तर्गत बनेको नियमावली बमोजिम कायम गर्नु पर्ने खाद्य स्वच्छता तथा गुणस्तरको लागि न्यूनतम व्यवस्था कायम गरेको पाइएमा निजको अनुमतिपत्रको निलम्बन फुकुवा गर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (१) को खण्ड (घ) बमोजिम अनुमतिपत्र निलम्बन भएकोमा त्यस्तो

अनुमतिपत्र नवीकरण गराउन पाउने अवधि व्यतित भएपछि दफा १० को उपदफा (३) बमोजिम लाग्ने दस्तुरको पाँचगुणा दस्तुर लिई निलम्बन गर्ने अधिकारीले त्यस्तो अनुमतिपत्र नवीकरण र नियमित गरी निलम्बन फुकुवा गरिदिन सक्नेछ ।

१२. <u>अनुमतिपत्र खारेज गर्न सकिने</u>: (१) देहायको अवस्थामा अनुमतिपत्र जारी गर्ने अधिकारीले सम्बन्धित खाद्य व्यवसायीको अनुमतिपत्र खारेज गर्न सक्नेछः-

(क) खाद्य व्यवसायीले आफूले प्राप्त गरेको अनुमतिपत्र खारेज गर्नको लागि निवेदन दिएमा,

(ख) खाद्य व्यवसायको दर्ता प्रचलित कानून बमोजिम कायम नरहेमा वा खारेज भएमा ।"

९. विधेयकको साबिक दफा १० दफाक्रम मिलाउँदा कायम हुने दफा १३ को उपदफा (२) मा रहेका "तोकिए बमोजिम" भन्ने शब्दहरु झिक्ने ।

१०. विधेयकको साबिक दफा १३ दफाक्रम मिलाउँदा कायम हुने दफा १६ को खण्ड (क) मा रहेका "दफा १२" भन्ने शब्दहरुको सट्टा "दफा १५" भन्ने शब्दहरु राख्ने ।

११. विधेयकको साबिक दफा १५ दफाक्रम मिलाउँदा कायम हुने दफा १८ को सट्टा देहायको दफा १८ राखी त्यसपछिका दफाक्रम मिलाउनेः-

"१८. <u>बढी मात्रामा प्रयोग गर्न नहुने</u>: कुनै खाद्य पदार्थमा खाद्य योगशील तथा प्रशोधन सहयोगी पदार्थ तोकिएको मात्राभन्दा बढी प्रयोग गर्नु वा गराउनु हुँदैन।"

१२. विधेयकको साबिक दफा १६ दफाक्रम मिलाउँदा कायम हुने दफा १९ को,-

(१) दफाशीर्षक र उपदफा (१) को सट्टा देहायको दफाशीर्षक र उपदफा (१) राख्नेः-

"१९. लेवल नलगाई उत्पादन तथा विक्री, वितरण गर्न नहुने: "(१) प्याकेजिङ्ग गरिएको खाद्य पदार्थमा लेवल नलगाई उत्पादन तथा बिक्री, वितरण गर्नु, गराउनु हुँदैन।"

(३) उपदफा (२) मा रहेका "उपदफा (१) बमोजिम लगाइएको" भन्ने शब्दहरुको सट्टा "प्याकेजिङ्ग गरिएको खाद्य पदार्थको" भन्ने शब्दहरु राखी सो उपदफाको खण्ड (च) झिक्ने।

(४) उपदफा (३) पछि देहायको उपदफा (४) थपी त्यसपछिका उपदफाक्रम मिलाउने:-

"(४) नेपालभित्र उत्पादन तथा प्रशोधन हुने र नेपाली बजारमा बिक्री हुने खाद्य पदार्थमा लगाइने लेबलमा उपदफा (३) बमोजिम लेखिने भाषा छनौट गर्दा नेपाली भाषालाई प्राथमिकता दिनु पर्नेछ।"

१३. विधेयकको साबिक दफा १७ दफाक्रम मिलाउँदा कायम हुने दफा २० को,-

(१) दफाशीर्षक र ठाउँ-ठाउँमा रहेका "उत्पादक तथा प्रशोधनकर्ता" भन्ने शब्दहरुको सट्टा "उत्पादक, प्रशोधनकर्ता तथा प्याकेजिङ्गकर्ता" भन्ने शब्दहरु राख्ने ।

(२) ठाउँ-ठाउँमा रहेका "उत्पादन वा प्रशोधन" र "उत्पादन तथा प्रशोधन" भन्ने शब्दहरुको सट्टा "उत्पादन, प्रशोधन तथा प्याकेजिङ्ग" भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (क) मा रहेका "दफा १२ वा १३" भन्ने शब्दहरुको सट्टा "दफा १५ वा १६" भन्ने शब्दहरु राख्ने ।

(४) खण्ड (ज) को सट्टा देहायको खण्ड (ज) राख्ने:-

"(ज) पहिचान पद्धति (ट्रेसियाविलिटि) कायम गर्ने ।"

१४. विधेयकको साबिक दफा १८ दफाक्रम मिलाउँदा कायम हुने दफा २१ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्ने:-

"(घ) पहिचान पद्धति (ट्रेसियाविलिटि) कायम गर्ने।"

१५. विधेयकको साबिक दफा १९ दफाक्रम मिलाउँदा कायम हुने दफा २२ को खण्ड (च) झिक्ने ।

१६. विधेयकको साबिक दफा २० दफाक्रम मिलाउँदा कायम हुने दफा २३ को,-

(१) खण्ड (ग) र विधेयकको ठाउँ-ठाउँमा रहेको "आद्रता" भन्ने शब्दको सट्टा "आर्द्रता" भन्ने शब्द राख्ने ।

(२) खण्ड (च) को सट्टा देहायको खण्ड (च) राख्नेः-

"(च) पहिचान पद्धति (ट्रेसियाविलिटि) कायम गर्ने।"

१७. विधेयकको साबिक दफा २१ दफाक्रम मिलाउँदा कायम हुने दफा २४ को,-

(१) खण्ड (ग) मा रहेका "बिक्री सोकेस वा कक्षमा" भन्ने शब्दहरुको सट्टा "सोकेस वा बिक्री कक्षमा" भन्ने शब्दहरु राख्ने ।

(२) खण्ड (घ) मा रहेका "लेवल नभएका" भन्ने शब्दहरुको सट्टा "लेवल लगाउनु पर्ने खाद्य पदार्थको लेवल नभएका" भन्ने शब्दहरु राख्ने ।

(३) खण्ड (ङ) को सट्टा देहायको खण्ड (ङ) राख्नेः-

"(ङ) पहिचान पद्धति (ट्रेसियाविलिटि) कायम गर्ने।"

१८. विधेयकको साबिक दफा २२ दफाक्रम मिलाउँदा कायम हुने दफा २५ को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राख्नेः-

"(घ) पहिचान पद्धति (ट्रेसियाविलिटि) कायम गर्ने।"

१९. विधेयकको परिच्छेद-६ को परिच्छेद शीर्षकमा रहेका "निर्देशक समिति," भन्ने शब्दहरु झिक्ने।

२०. विधेयकको दफा २३, २४ र २५ झिक्ने ।

२१. विधेयकको दफा २६ को खण्ड (घ) मा रहेका “दफा १२” भन्ने शब्दहरुको सट्टा “दफा १५” भन्ने शब्दहरु राख्ने ।

२२. विधेयकको दफा २७ को सट्टा देहायको दफा २७ राख्नेः

"२७. **खाद्य प्रयोगशालाः** (१) नेपाल सरकारले खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर सम्बन्धी अनुसन्धान, परीक्षण, विश्लेषण गर्न खाद्य प्रयोगशाला तथा सन्दर्भ प्रयोगशाला (रिफरेन्स ल्याब) को स्थापना गर्नेछ।

(२) प्रदेश सरकार तथा स्थानीय तहले आफ्नो क्षेत्रमा खाद्य प्रयोगशाला स्थापना र सञ्चालन गर्न सक्ने छन्।

(३) खाद्य प्रयोगशाला स्थापना तथा सञ्चालनको लागि देहायको न्यूनत्तम मापदण्ड पूरा गरेको हुनु पर्नेछः-

(क) खाद्य प्रयोगशाला सञ्चालनको लागि आवश्यक भौतिक पूर्वाधार तथा दक्ष जनशक्तिको व्यवस्था गरेको,

(ख) खाद्य प्रयोगशाला सेवा उपलब्ध गराउन आवश्यक उपकरण तथा सुविधाहरुको निरन्तर उपलब्धताको सुनिश्चितता भएको,

(ग) खाद्य प्रयोगशालाबाट उपलव्ध हुने विश्लेषण सेवाको गुणस्तर सुनिश्चितताको लागि असल खाद्य प्रयोगशाला अभ्यास प्रणाली लागू गरेको,

(घ) विश्लेषण सेवा प्रदान गर्न आवश्यक विश्लेषण पद्धति भ्यालिडेसन गरेको सुनिश्चितता गरेको,

(ङ) खाद्य प्रयोगशाला म्यानुअल तथा स्टाण्डर्ड अपरेटिङ कार्यविधि तयार गरेको,

(च) क्यालिब्रेटेड उपकरण तथा ग्लासवेयर प्रयोग गर्ने सुनिश्चितता गरेको,

(छ) खाद्य प्रयोगशाला ग्रेडको रासायनिक तथा रियजेन्टको प्रयोग तथा त्यसको सञ्चय तथा व्यवस्थापनको लागि उपयुक्त व्यवस्था गरेको,

(ज) खाद्य प्रयोगशालाबाट निस्कने रासायनिक तथा जैविक फोहरको उचित व्यवस्थापन प्रणाली स्थापना गरेको,

(झ) सम्भावित दुर्घटना तथा आपतकालीन अवस्थामा खाद्य प्रयोगशालाका कर्मचारीको सुरक्षाको उचित व्यवस्था गरेको,

(ञ) विश्लेषण प्रतिवेदनको पहिचान पद्धति (ट्रेसियाविलिटी) कायम गरेको,

(ट) प्रयोगशाला अभिलेख व्यवस्थापन प्रणाली लागू गरेको।

(४) उपदफा (३) बमोजिमको मापदण्ड पूरा गरेका निजी क्षेत्रका खाद्य प्रयोगशालालाई विभागले खाद्य विश्लेषण सम्बन्धी कार्य गर्ने गरी सूचीकरण गर्न सक्नेछ।"

२३. विधेयकको दफा २८ को सट्टा देहायको दफा २८ राख्नेः-

"२८. **खाद्य निरीक्षण अधिकारीः** (१) विभागले खाद्य पदार्थको अनुगमन तथा निरीक्षण सम्बन्धी कार्य गर्न खाद्य विज्ञान वा खाद्य प्रविधि सम्बन्धी विषयमा कम्तीमा स्नातक तह उत्तीर्ण गरी खाद्य अनुगमन निरीक्षण सम्बन्धी आधारभूत तालिम लिएका वा विज्ञान वा प्रयोगशाला प्रविधि (ल्याब टेक्नोलोजी) वा खाद्य प्रविधि (फूड टेक्नोलोजी) विषयमा प्रमाणपत्र तह उत्तीर्ण गरी खाद्य परीक्षण वा निरीक्षण सम्बन्धी कम्तीमा छ महिनाको तालीम प्राप्त गरेका विभाग वा कार्यालयमा कार्यरत कर्मचारीलाई खाद्य निरीक्षण अधिकारी तोक्न सक्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका बखत खाद्य निरीक्षकको रुपमा कार्यरत कर्मचारीलाई समेत विभागले खाद्य निरीक्षण अधिकारी तोक्न बाधा पर्ने छैन।"

२४. विधेयकको दफा २९ को उपदफा (१) को खण्ड (ङ) मा रहेका "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम" भन्ने शब्दहरुको सट्टा "यस ऐन" भन्ने शब्दहरु राख्ने।

२५. विधेयकको दफा ३० को सट्टा देहायको दफा ३० राख्नेः-

"३०. जाँचबुझ गर्नेः (१) कसैले खाद्य स्वच्छता, गुणस्तर वा खाद्य स्वच्छता व्यवस्थापन प्रणाली विपरीत हुने गरी खाद्य व्यवसाय वा खाद्य सम्बन्धी कुनै कार्य गरेको कारणबाट सर्वसाधारणमा व्यापक क्षति पुगेको वा पुग्न सक्ने अवस्था भएमा र त्यस्तो विषयमा उच्चस्तरको जाँचबुझ गराउन आवश्यक देखिएमा विभाग वा मन्त्रालयले जाँचबुझ गर्न वा गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम जाँचबुझ गर्ने वा गराउने सम्बन्धमा विभाग वा मन्त्रालयले सम्बन्धित विषयका विशेषज्ञ, प्रभावित प्रदेशको सम्बन्धित विषय हेर्ने मन्त्रालय वा कार्यालय र स्थानीय तहको सम्बन्धित विषय हेर्ने विभाग वा कार्यालयको समेत प्रतिनिधि रहने गरी बढीमा पाँच सदस्य रहेको जाँचबुझ समिति गठन गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिमको जाँचबुझ समितिले जाँचबुझ गरी समिति गठन भएको विभाग वा मन्त्रालयमा प्रतिवेदन पेश गर्नु पर्नेछ र त्यस्तो प्रतिवेदनका आधारमा आवश्यक कारबाही अघि बढाउनु पर्ने देखेमा विभाग वा मन्त्रालयले त्यस्तो प्रतिवेदन समेत संलग्न गरी आवश्यक कारबाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउनु पर्नेछ।"

२६. विधेयकको दफा ३१ को उपदफा (२) मा रहेका "तत्काल" भन्ने शब्दको सट्टा "उपयुक्त माध्यमबाट चौबिस घण्टाभित्र" भन्ने शब्दहरु राख्ने।

२७. विधेयकको दफा ३४ को उपदफा (२) मा रहेका "अन्य व्यवस्था" भन्ने शब्दहरुको सट्टा "कार्यविधि" भन्ने शब्द राख्ने।

२८. विधेयकको दफा ३६ को सट्टा देहायको दफा ३६ राखेः-

"३६. प्रदेश तथा स्थानीय तहले अनुगमन तथा निरीक्षण गर्न सक्नेः (१) कसैले यस ऐन बमोजिम तोकिएको गुणस्तरभन्दा न्यून गुणस्तरको खाद्य पदार्थ वा दूषित खाद्य पदार्थ वा कुनै खाद्य पदार्थ ढाँटी झुक्याई बिक्री वितरण गरे वा गराएको वा खाद्य प्रयोगशालाले यस ऐन बमोजिमको मापदण्ड पूरा गरे वा नगरेको विषयमा अनुगमन तथा निरीक्षण गर्न प्रदेश तथा स्थानीय तहले दफा २८ बमोजिम खाद्य निरीक्षण अधिकारी हुन योग्यता पुगेको कर्मचारीलाई सम्बन्धित प्रदेश वा स्थानीय तहको कानून बमोजिम आफ्नो क्षेत्रमा खाद्य निरीक्षक तोक्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम अनुगमन तथा निरीक्षण गर्न जाने कर्मचारीले विभाग वा नजिकको कार्यालयसँग समन्वय गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अनुगमन तथा निरीक्षण गर्दा कसैउपर यस ऐन बमोजिम मुद्दा चलाउनु पर्ने भएमा खाद्य निरीक्षकले आवश्यक कारबाहीका लागि खाद्य निरीक्षण अधिकारी समक्ष लेखी पठाउनु पर्नेछ।

(४) उपदफा (३) बमोजिम प्रदेश वा स्थानीय तहबाट खाद्य निरीक्षकले कारबाहीका लागि पठाएमा खाद्य निरीक्षण अधिकारीले तत्काल आवश्यक छानबिन गरी यस ऐन बमोजिम आवश्यक कारबाही गर्नु पर्नेछ।

(५) यस दफा बमोजिम अनुगमन तथा निरीक्षण गर्दा सम्बन्धित प्रदेश वा स्थानीय तहको कानून बमोजिम कारबाही गर्नु पर्ने कुनै विषय देखिएमा त्यस्तो कानून बमोजिम समेत प्रदेश वा स्थानीय तहले कारबाही गर्न सक्नेछ।"

२९. विधेयकको दफा ३८ को उपदफा (१) र (२) को ठाउँ-ठाउँमा रहेका "उत्पादन वा प्रशोधन" भन्ने शब्दहरुको सट्टा "उत्पादन, प्रशोधन वा पैठारी" भन्ने शब्दहरु राख्ने।

३०. विधेयकको दफा ३९ को सट्टा देहायको दफा ३९ राख्ने:-

"३९. <u>सार्वजनिक खाद्य विश्लेषक तोक्ने</u>: (१) मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी खाद्य पदार्थको परीक्षण तथा विश्लेषण गर्नको लागि खाद्य विज्ञान वा खाद्य प्रविधि वा रसायनशास्त्र विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरी खाद्य अनुसन्धान वा विश्लेषण सम्बन्धी कार्यमा कम्तीमा पाँच वर्षको अनुभव भएको नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको सेवामा रहेको अधिकृत वा खाद्य प्रयोगशालामा कार्यरत व्यक्तिलाई सार्वजनिक खाद्य विश्लेषक तोक्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम तोकिएको सार्वजनिक खाद्य विश्लेषकले खाद्य निरीक्षण अधिकारी वा अन्य कुनै अधिकारी वा कार्यालयबाट सङ्कलन भएको खाद्य पदार्थको नमूनाको खाद्य प्रयोगशालामा परीक्षण गरी वा गराई त्यसको विश्लेषण प्रतिवेदन सम्बन्धित अधिकारी वा कार्यालयलाई दिनु पर्नेछ ।

(३) सार्वजनिक खाद्य विश्लेषकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) खाद्य पदार्थको नमूनाको खाद्य प्रयोगशालामा परीक्षण गरी, गराई विश्लेषण प्रतिवेदन उपलव्ध गराउने,

(ख) खाद्य पदार्थको नमूना प्राप्त गर्दाका बखत नमूनामा लगाइएको सील तथा आवरण ठिक दुरुस्त रहे वा नरहेको सुनिश्चित गरी सील तोडिएको वा प्याकेजिङ्ग टुटफुट भई खाद्य प्रयोगशाला परीक्षण गर्न अनुपयुक्त

रहेको पाइएमा सोको जानकारी सम्बन्धित अधिकारी वा कार्यालयलाई दिने,

(ग) खाद्य प्रयोगशालामा प्राप्त नमूनाको लगत अद्यावधिक राख्ने र सोको प्रतिवेदन मासिक रुपमा विभाग वा कार्यालयलाई उपलब्ध गराउने,

(घ) विश्लेषण कार्यको सुनिश्चितता तथा सोको लागि आवश्यक जनशक्ति, केमिकल, ग्लासवेयर तथा अन्य आवश्यक सुविधाको व्यवस्था गर्ने,

(ङ) खाद्य विश्लेषकको आचरण, खाद्य विश्लेषण प्रक्रिया, प्रतिवेदनको ढाँचा तथा नमूना व्यवस्थापन गर्ने ।"

३१. विधेयकको दफा ४० को,-

(१) खण्ड (क) पछि देहायको खण्ड (ख) थपी त्यसपछिका खण्डक्रम मिलाउने:-

"(ख) दफा ११ को उपदफा (४) विपरीत खाद्य व्यवसाय गरेमा,"

(२) साबिक खण्ड (ख) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ग) मा रहेका "दफा १०" भन्ने शब्दहरुको सट्टा "दफा १३" भन्ने शब्दहरु राख्ने।

(३) साबिक खण्ड (ग) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (घ) मा रहेका "दफा १२" भन्ने शब्दहरुको सट्टा "दफा १५ को खण्ड (क), (ख), (ङ), (च) वा (छ)" भन्ने शब्दहरु राख्ने।

(४) साबिक खण्ड (ग) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (घ) पछि देहायको खण्ड (ङ) थपी त्यसपछिका खण्डक्रम मिलाउने:-

"(ङ) दफा १५ को खण्ड (ग) वा (घ) विपरीत दूषित खाद्य पदार्थको उत्पादन, प्रशोधन, निकासी, पैठारी, सञ्चय, ढुवानी वा बिक्री, वितरण गरेमा वा बिक्री, वितरणमा राखेमा ।"

(५) साबिक खण्ड (घ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (च) मा रहेका "दफा १३" भन्ने शब्दहरुको सट्टा "दफा १६" भन्ने शब्दहरु राख्ने।

(६) साबिक खण्ड (ङ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (छ) मा रहेका "दफा १४" भन्ने शब्दहरुको सट्टा "दफा १७" भन्ने शब्दहरु राख्ने।

(७) साबिक खण्ड (च) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ज) मा रहेका "दफा १५" भन्ने शब्दहरुको सट्टा "दफा १८" भन्ने शब्दहरु राख्ने।

(८) साबिक खण्ड (छ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (झ) मा रहेका "दफा १६" भन्ने शब्दहरुको सट्टा "दफा १९" भन्ने शब्दहरु राख्ने।

(९) साबिक खण्ड (ज) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ञ) मा रहेका "दफा १७, १८, १९, २०, २१ वा २२" भन्ने शब्दहरुको सट्टा "दफा २०, २१, २२, २३, २४ वा २५" भन्ने शब्दहरु राख्ने।

(१०) साबिक खण्ड (ठ) खण्डक्रम मिलाउँदा कायम हुने खण्ड (ढ) मा रहेका "यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम" भन्ने शब्दहरुको सट्टा "यस ऐन" भन्ने शब्दहरु राख्ने।

३२. विधेयकको दफा ४१ को उपदफा (२) को सट्टा देहायको उपदफा (२) राख्नेः-

"(२) उपदफा (१) बमोजिम गरिएको जरिबानाको बारेमा जरिबाना गर्ने अधिकारीले सार्वजनिक रुपमा जानकारी गराउनु पर्नेछ ।"

३३. विधेयकको दफा ४२ को सट्टा देहायको दफा ४२ राखे:-

"४२. <u>सजाय</u>: (१) कसैले देहायको कसूर गरेमा देहाय बमोजिम सजाय हुनेछ:-

(क) दफा ४० को खण्ड (क), (ख), (ग), (ञ) वा (ढ) बमोजिमको कसूरमा पचास हजार रुपैयाँसम्म जरिबाना,

(ख) दफा ४० को खण्ड (घ) बमोजिमको कसूरमा पाँच वर्षसम्म कैद वा पाँच लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ग) दफा ४० को खण्ड (ङ) बमोजिमको कसूरमा एक वर्षसम्म कैद वा चार लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(घ) दफा ४० को खण्ड (च), (छ) वा (ज) बमोजिमको कसूरमा छ महिनासम्म कैद वा तीन लाख रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ङ) दफा ४० को खण्ड (झ) बमोजिमको कसूरमा एक लाख रुपैयाँसम्म जरिबाना,

(च) दफा ४० को खण्ड (ट), (ठ) वा (ड) बमोजिमको कसूरमा तीन लाख रुपैयाँसम्म जरिबाना ।

(२) यस ऐन बमोजिमको कसूर गर्न सघाउने वा मतियार भई कार्य गर्ने व्यक्तिलाई मुख्य कसूरदारलाई हुने सजायको आधा सजाय हुनेछ ।

(३) यस ऐन बमोजिम कसूरमा सजाय पाएको व्यक्तिले पुनः यस ऐन बमोजिमको कसूर गरेमा निजलाई यस ऐन बमोजिम हुने सजायको दोब्बर सजाय हुनेछ ।"

३४. विधेयकको दफा ४५ को उपदफा (३) मा रहेका "अन्य व्यवस्था" भन्ने शब्दहरुको सट्टा "कार्यविधि" भन्ने शब्द राख्ने।

३५. विधेयकको दफा ४६ को,-

(१) उपदफा (२) झिकी त्यसपछिका उपदफाक्रम मिलाउने।

(२) साबिक उपदफा (३) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (२) मा रहेका "वा (२)" र "वा अनुसन्धान टोली" भन्ने शब्दहरु झिक्ने।

(३) उपदफा (४) झिकी साबिक उपदफा (५) लाई उपदफा (३) कायम गर्ने ।

(४) साबिक उपदफा (५) उपदफाक्रम मिलाउँदा कायम हुने उपदफा (३) मा रहेका "वा उपदफा (४) बमोजिम प्राप्त प्रतिवेदनका आधारमा" भन्ने शब्दहरु झिक्ने।

३६. विधेयकको दफा ४७ को खण्ड (क) मा रहेका "खण्ड (क), (घ) र (ङ)" भन्ने शब्दहरुको सट्टा "खण्ड (क), (घ), (ङ) र (च)" भन्ने शब्दहरु राख्ने।

३७. विधेयकको दफा ४८ को सट्टा देहायको दफा ४८ राख्ने:-

"४८. <u>राष्ट्रिय कोडेक्स समिति गठन गर्न सक्ने</u>: (१) नेपाल सरकारले मन्त्रालयको सचिवको संयोजकत्वमा आवश्यक संख्यामा सदस्य रहने गरी राष्ट्रिय कोडेक्स समिति गठन गर्न सक्नेछ।

(२) राष्ट्रिय कोडेक्स समितिको काम र कर्तब्य तथा बैठक सम्बन्धी कार्यविधि त्यस्तो समिति गठन गर्दाका बखत नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ।"

३८. विधेयकको दफा ५२ को सट्टा देहायको दफा ५२ राख्ने:-

"५२. **सहयोग गर्नु पर्ने**: (१) यो ऐन कार्यान्वयन गर्न विभाग वा कार्यालयले स्थानीय प्रशासन तथा प्रहरीको सहयोग मागेमा सम्बन्धित स्थानीय प्रशासन तथा प्रहरीले सहयोग गर्नु पर्नेछ ।

(२) यस ऐन वमोजिम जाँचबुझ, अनुगमन, निरीक्षण, नमूना सङ्कलन गर्ने क्रममा त्यस्तो कार्यमा संलग्न अधिकारीलाई आवश्यक सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।"

३९. विधेयकको दफा ५४ को सट्टा देहायको दफा ५४ राख्नेः-

"५४. **नियम बनाउने अधिकारः** (१) नेपाल सरकारले यस ऐनको कार्यान्वयनका लागि आवश्यक नियमहरु बनाउन सक्नेछ ।

(२) उपदफा (१) ले दिएको अधिकारको सर्वसामान्यतामा प्रतिकूल असर नपर्ने गरी खाद्य स्वच्छता तथा गुणस्तर सम्बन्धी देहायका विषयहरुमा नेपाल सरकारले नियमहरु बनाउन सक्नेछः-

(क) खाद्य उद्योगको स्थापनाको लागि सिफारिस, अनुमतिपत्र, त्यसको नवीकरण सम्बन्धी प्रक्रीया, ढाँचा र लाग्ने दस्तुर सम्बन्धी विषय,

(ख) खाद्य पदार्थको स्वच्छता तथा गुणस्तर र खाद्य योगशील र प्रशोधन सहयोगी पदार्थको प्रयोग र मात्रा सम्बन्धी विषय,

(ग) खाद्य पदार्थको उत्पादन, बिक्री, वितरण, रोक्का राख्ने तथा नष्ट गर्ने प्रक्रिया सम्बन्धी विषय,

(घ) प्याकेजिङ्ग तथा लेबलिङ्ग सम्बन्धी विषय,

(ङ) खाद्य पदार्थको ढुवानी तथा सञ्चयको मापदण्ड तोक्ने तथा सञ्चय गर्दा आर्द्रता र तापक्रमको व्यवस्था मिलाउने विषय,

(च) प्रदूषक (कन्टामिनेन्टस), विषाक्त तत्त्व र तिनको अवशेष सम्बन्धी विषय,

(छ) खाद्य प्रयोगशाला स्थापना गर्दा कायम गर्नु पर्ने मापदण्ड, त्यसको सूचीकरण प्रक्रिया र नमूना परीक्षण तथा विश्लेषणको लागि लाग्ने शुल्क सम्बन्धी विषय,

(ज) स्वास्थ्य पोषण न्युट्रास्युटिकल तथा आहारपूरक खाद्य पदार्थ, खाद्य पोषक तत्त्व थप (फूड फोर्टिफिकेशन) सम्बन्धी विषय,

(झ) खाद्य पदार्थ पैठारी गर्न प्रवेश अनुमति दिने विषय,

(ञ) खाद्य पदार्थ अनुगमन तथा निरीक्षण सम्बन्धी विषय,

(ट) अर्गानिक खाद्य पदार्थ सम्बन्धी विषय,

(ठ) मदिराजन्य पेय पदार्थ सम्बन्धी विषय,

(ड) खाद्य स्वच्छता प्रणाली परीक्षण (फूड सेफ्टी सिस्टम अडिट) सम्बन्धी विषय,

(ढ) खाद्य पदार्थको परीक्षणको लागि नमूना सङ्कलन गर्ने प्रक्रीया, र

(ण) विज्ञापन तथा दाबी (एड्भरटाइजिङ्ग एण्ड हेल्थ एण्ड न्युट्रिस्नल क्लेम्स) सम्बन्धी विषय।"

४०. विधेयकको दफा ५५ पछि देहायको दफा ५६ थपी साबिक दफा ५६ लाई दफा ५७ कायम गर्ने-

"५६. <u>ऐन कार्यान्वयन मापन</u>: मन्त्रालयले यो ऐन प्रारम्भ भएको पाँच वर्ष पुगेको एक वर्षभित्र र तत्पश्चात् प्रत्येक पाँच वर्ष पूरा भएको एक वर्षभित्र ऐन कार्यान्वयनको मापन गर्नेछ र सोको प्रतिवेदन संघीय संसदको दुवै सदनको सम्बन्धित समितिमा पेश गर्नेछ ।"

(मनोजकुमार गिरी)

सचिव

(परशुराम मेघी गुरुङ)

सभापति

मिति : २०७८/१०/२१